# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७५/०७६

च.नं. :

फोन नं.:-०८१-५४०००९


मितिः २०७६ बैशाख १ गते

## नयाँ वर्षको हार्दिक शुभकामना

हामीबाट बि.स.२०७५ सालले औपचारीक रुपमा विदा लिएको छ र आज बाट बि.स.को नयाँ वर्ष २०७६ शुभारम्भ भएको छ । हामी जनताबाट निर्वाचित जनप्रतिनिधिहरुले सधै देश र जनताको उन्नती,प्रगति,समृद्धी र सुशासनका लागि काम गरिरहेका छौं र त्यसलाई हाम्रो दायित्व र कर्तव्य समेत सम्झीरहने छौं । नेपालको संघीय संरचना पश्चात पहिलो पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट कोहलपुर नगरपालिका क्षेत्रभित्रका आम जनताले मलाई त्यो अवसर प्रदान गर्नुभएको छ र जनताको त्यो विश्वास तथा जनमतको जिम्मेवारी पुरा गर्नु नगर प्रमुखको हैसियतले मेरो तथा अन्य जनप्रतिनिधिहरुले समेत आ-आफ्नो पदीय जिम्मेवारी पुर्वक त्यो पुरा गर्नु हामी सबैको कर्तव्य ठानेका छौं र सोही अनुसार नै हाम्रो बाँकी कार्यअवधि भरी गरिरहने प्रतिज्ञा समेत गर्दछौं ।

कोहलपुर नगरपालिका भरखरै जन्मिएको नयाँ नगरपालिका भएको र राज्यको संचना समेत नयाँ भएकाले हामी जनप्रतिनिधिहरुले सोचे जस्तो तथा कोहलपुर नगरपालिकाका आम जनताले अपेक्षा गरे जस्तो काम गर्न नसकिरहेको अनुभूती नगर प्रमुख हुनुको नाताले मलाई राम्रो सँग वोध छ । यस नगरपालिकाको विकास ,उन्नती, समृद्धी र सुशासन कायम राख्न सबै क्षेत्रको सहयोग ,सुझाव ,सद्भाव र समन्वयनकारी भूमिकाको आवश्यकता पर्दछ । त्यो यहाँहरुबाट प्राप्त भइरहेको छ र यस वर्ष २०७६ सालमा पनि अझ परिपक्व किसिमले प्राप्त हुने छ भन्ने मैले विश्वास लिएको छ । हामी सबै मिलेर नै यस कोहलपुर नगरपालिकाको विकास र समृद्धी हासिल गर्न सक्छौं र त्यसका सबैको हातेमालो आवश्यक छ । विगतको वर्षको अनुभव लिदै नयाँ वर्षमा हामी सबैले नयाँ जोस,जाँगर,उत्साह तथा आ-आफ्नो क्षमता विकास गरेर नै नयाँ सम्भावना प्राप्त गर्न सक्छौं र त्यसमा हामी सबै एक जुट भएर लागिरहने यो नयाँ वर्षले हामी सबैलाई उर्जा र चेतना दिने विश्वास लिएको छु ।

अन्त्यमा, म यस कोहलपुर नगरपालिकाका सबै जनताका जननिर्वाचित नगर प्रमुख भएको र अहिलेको राज्य संरचना अनुसार स्थानीय सरकार प्रमुख समेत रहेको नाताले यस नगरपालिकाका सबै क्षेत्र,पेशा, व्यवसाय, समुदाय ,वर्ग तह र तप्काका आम जनताको सुख,शान्ति,समृद्धी र सुशासनको कामना गर्दै नयाँ वर्ष २०७६ साल हामी सबैका लागि सुखमय रहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

**लूट बहादुर रावत**
**नगर प्रमुख**
**कोहलपुर नगरपालिका, बाँके**